**Nepalese Culture**
**Vol. 17 : 157-172, 2024**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v17i1.64419**

# चण्डीभगवती मन्दिर परिसरका कलाकृतिहरू

**संगिता पंच**
शोधार्थीः दर्शनाचार्य/विद्यावारिधि, संस्कृति विभाग, त्रि.वि.
sangitapancha2021@gmail.com

## लेखसार

*यस शोधपत्र भक्तपुर जिल्लाको क्वाछें टोलको चण्डी भगवती मन्दिर परिसरका कलाकृतिहरूको बारेमा साँस्कृतिक प्रत्यक्षवाद अवधारणा अनुसार खोजमूलक रूपमा प्रत्यक्ष स्थलगत अवलोकन गरेर तयार गरिएको छ। भक्तपुरको प्रसिद्ध ङातापोल, भैरवमन्दिर र तिलमाधव नारायण मन्दिरबाट करिब १५० मिटर पूर्वमा क्वाछें, वडा नं. ६ मा एक तहको तल्ले (प्यागोडा) शैलीको चण्डी भगवती मन्दिर रहेको छ । यस भगवतीको मूर्ति नेपालका प्रख्यात भगवतीको मूर्तिकला भन्दा पृथक, दुर्लभ र प्राचिन देखिन्छ। चण्डी भगवतिको हातमा रहेको तिनवटा त्रिशुलहरूले महिषासुर लगायत चन्द र मुन्द लाई पनि छात्तीमा प्रहार गरेर बद्य गरेका चित्रण गरिएको छ। (वाङ्डेल, १९९५, पृ. ६७) यो विशेषता नेपालका अन्य दुर्गा मूर्तिहरूमा दुर्लभ मात्र पाइएको छ । चण्डी भगवती मूर्तिमा मूर्त धर्म र शास्त्रको आधारमा बनेको कथालाई हुबहु जिवन्त रूपमा उतारिएको देखिन्छ । चण्डी भगवती मन्दिर भएर पनि मूल गर्भगृहमा शिवको मूर्ति रहनु अध्यनलाई थप रोचक बनाएको छ। विभिन्न भगवती मन्दिर र मूर्तिहरूकोबारेमा धेरै अध्ययन अनुसन्धान भएतापनि प्राज्ञिक क्षेत्रमा यस चण्डी भगवती मन्दिरकोबारे गहन अध्ययनको अभावलाई केहि मात्रामा प्रकाश पार्न यो अध्ययन गरिएको हो। तसर्थ गुणात्मक सोध विधि अर्न्तगतको ग्राउन्डेड थ्योरी अनुसार प्रत्यक्ष स्थलगत अवलोकन गरेर भगवती मन्दिर परिसरको मूर्तिकला, वास्तुकलाको बिशेषता बारेमा प्रतिकात्मक सिद्वान्तको प्रयोग गरेर त्यहाँ प्राप्त भएका तथ्याङ्कको सङ्कलन, विश्लेषण र सत्यताको जाँच गरेर अध्ययन गरिएको छ । प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत प्रत्यक्ष अवलोकन, सम्बन्धित व्यक्तिहरूसँग अर्न्तवार्ता र द्वितीय स्रोत अर्न्तगत शिलालेख, विभिन्न विद्वानहरूको लेखहरूको अध्ययन तथा इन्टरनेटलाई लिइएको छ । नेपालमा प्राचिन कालदेखि नै विभिन्न देवीहरूको पुजा उपासना गर्ने चलन चल्दै आएको छ । भक्तपुरको भगवती मन्दिरको मूर्तिकला आफैमा अन्य भगवतीका मूर्तिहरू भन्दा भिन्न किसीमको हुनुका साथै मन्दिरको वास्तुकला पनि अध्ययनको लागि पृथक विषय रहेको देखिन्छ। मूलरूपमा भगवती मन्दिर भनिएता पूर्व दिशामा शिवलिङको जलहरि, दक्षिण दिशामा नृत्यमुद्राको गणेश र पश्चिछम दिशामा मूल गर्वगृहमा शिवलिङ रहनुले सो भगवती मन्दिरको वास्तुकलाले गहन अध्ययन गर्न प्रेरित गरेको छ । यो सोधको माध्ययमबाट यस क्षेत्रको*

*महिमा र पुनः निर्माण कार्यमा ध्यानाकर्षन गराउन सहयोग पुग्ने देखिन्छ। सोधपछि त्यस मन्दिर परिसरको मूर्त सम्पदाको स्थितिलाई मध्यनजर गरी समयमै ति सम्पदाको संरक्षण र संम्बर्धन गर्नुपर्ने सुझाब पेश गरिएको छ।*

***शब्दकुञ्जी :*** चण्डी भगवती, वास्तुकला, महिषासुर, चन्द, मुन्द, ठाँ पूजा

## परिचय

यो खोज भक्तपुरको प्रसिद्ध मन्दिर न्यातापोल, भैरवमन्दिर र तिलमाधव नारायण मन्दिरको करिब १५० मिटर पूर्व, वडा नं. ६, क्वाछेँ टोलमा चण्डी भगवती मन्दिर परिसरका कलाकृतिहरूको बारेमा अध्ययन गरिएको छ। साँस्कृतिक प्रत्यक्षवाद अवधारणा अनुसार खोजमूलक रूपमा प्रत्यक्ष स्थलगत अवलोकन गरेर लेख तयार गरिएको छ। चण्डी भगवती मुर्तिको बिशेषता अन्य प्रसिद्ध भगवति मूर्तिहरूको तुलनामा भिन्न रहेको र वास्तुकलाको दृष्टिकोणले पनि मुल गर्भगृहमा शिवलिङ्ग रहनुले अध्ययनको लागि पृथक विषय बनेको छ। गुणात्मक विधि अनुसार ग्राउन्डेड थ्योरीको प्रयोग गरेर चण्डी भगवतीको मूर्ति, परिसरमा रहेका वास्तुकलाहरूमा केन्द्रित भएर अध्ययन गरिएको छ।

श्रीरामप्रसाद उपाध्यायको, नेपालको प्राचिन र मध्यकालिन इतिहास मध्यकालिन इतिहासमा उल्लेख गरे अनुसार १२ औं शताब्दीका राजा आनन्ददेवले त्रिपुर दरवार बनाएको कुरा इतिहासविदहरू बताउँदछ। उपाध्यायले आफ्नो पुस्तक नेपालको प्राचिन र मध्यकालिन इतिहासमा भक्तपुर नगरको मध्य भागमा अवस्थित त्रिपुर राजदरबारको वर्णन गरिएको छ। उक्त वर्णअनुसार भक्तपुरको त्रिपुर राजदरबारको दक्षिणतर्फ क्वाछेँ नामको किला रहेको थियो। यस किलामा राजकाजसम्बन्धी ठूलठूला अपराध गरेका व्यक्तिलाई थुन्ने गरिन्थ्यो। (उपाध्याय, २०७४, पृ. २५५) महेश आचार्यले कीर्तिपुर शहरको किल्ला एवं ढोकाहरू: उत्पति, इतिहास र संस्कृति नामका लेखमा लिच्छविकालिन अभिलेखमा कोट र दुर्गा शब्दको उल्लेख गरिएको पाइन्छ। प्रज्ञा नेपाली बृहत शब्दकोश अनुसार दुगर्म भन्नाले पुग्न कठिन स्थान र कोट शब्दले पर्खालले घेरिएको स्थान भन्ने बुझाउँछ।। भगवति मन्दिर रहेको टोलको नाम क्वाछें लिच्छवि कालमा कोट, दुर्ग वा कोटक्षें वाट आएको कुरा उपाध्यायको लेखबाट प्रष्ट हुन आउछ। नेपाल भाषामा क्वाको अर्थ तातो र क्षेंको अर्थ घर भन्ने हुन्छ। यस्तो धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको मख्य मन्दिरको भित्ताहरू हाल जिर्ण अवस्थामा पुगेको छ। त्यसैले यो सोधको माध्ययमबाट यस क्षेत्रको महिमा र पुनःनिर्माण कार्यमा ध्यानाकर्षन गराउन सहयोग पुग्ने देखिन्छ।

विभिन्न सभ्यताहरूको अध्ययनबाट मातृदेविलाई प्रकृति, माता, पृथ्वी, उर्वरादेविको रूपमा सभ्य मानव सभ्यताको शुरूदेखि पुजिंदै आएको पुष्टि हुन्छ। कुलचन्द्र कोइरालाका अनुसार पार्वति भगवान शिवकी अङ्गशायिनी जस्को अर्को नाम महिष मर्दिनी वा दुर्गा हुन् र उनलाई उग्र देवीको रूपमा पुजिन्छ। कोइरालाको किताब नेपाली सांस्कृतिक जात्रापर्वमा उल्ल्ेख भए बमोजीम शरद ऋतुमा दिग्विजयको लागि प्रस्थान गर्नुअघि देवी दुर्गाको पुजा उपासना गरी शक्ति, बल प्राप्त गर्ने कथन महाकवि कालिदासले आफ्नो रघु महाराजको दिग्विजय यात्रामा उल्लेख गरेका छन। विभिन्न ऐतिहासिक स्रोतहरूको अध्ययनबाट शक्ति र शिवको एकात्मकताको प्रतिस्थापन गरेपछि (सांख्य दर्शन) ई.पू. आठौं, सातौं शताब्दितिर नै भगवतिको विविध रूपको उपासना हुन थालेको कुरा लेखक कोइराला मान्दछ। लेखकका अनुसार रामले दुर्गाको उपासना गरी त्रिलोक विजयी रावणलाई पराजित गरेको कथा पुराणहरूमा पाइन्छ साथै महाभारतमा राजा

युधिष्ठिरले आफ्नो गुप्तवासको समय देखि दुर्गाको उपासना गरेको प्रसँग पाइन्छ । (कोइराला, २०५२. पृ. २२-२४) मोहन प्रसाद खनालका अनुसार कुसानकालदेखि दुर्गाको प्रतिमा पाइन्छ र नेपालमा पनि कुशाणकालीन दुर्गाको मुर्तिकलासँग मेल खाने भगवतिका मूर्तिहरू प्रशस्त मात्रामा पाइन्छ ।

भक्तपुर स्थित यस भगवतीलाई चण्डी भगवतीको नामले चिनिन्छ । मन्दिरको एतिहासिकताको खोजी गर्दा मन्दिरको प्रारम्भिक निर्माण काल हालसम्म स्पष्ट हुन सकेको छैन । खतिवडा र क्षेत्रिका अनुसार यस मन्दिर मध्यकालमा बनेका थिए । सम्वत ८३३ मा भगवति मन्दिर परिसरमा राजा भुपतिन्द्र मल्लद्वारा पाटी बनाउन लगाएको थियो । (राजवंशि, २०२०, पृ. ३०) यसवाट आधिकारीक रूपमा यस मन्दिरको अस्तित्त्व आजभन्दा ३०० वर्षअघिदेखि नै रहेको स्पष्ट हुन्छ । शनिबार र दशैंको दशैंको नवमिका दिन यस दुर्गाको मूर्तिलाई सुन, चाँदिका गरगहनाले सृङ्गारी विशेष रूपमा सजाएर राखिन्छ । यस वर्ष दशैंको अवसरमा मूर्तिमा कालो रंगले पोटेर अझ सुन्दर बनाएको थियो । (प्रत्यक्ष अवलोकन २०८०/०५/३)

यस लेखमा भगवती मन्दिर परिसरको मूर्तिकला र वास्तुकलाको विशेषता बारे उजागर गर्ने प्रयत्न गरिएको छ । जसमा मन्दिरको प्रमुख मूर्तिको विशेषता, मन्दिर परिसरमा रहेको मूर्तिहरू, पाटी, द्यःछैं, जलद्रोणि र ढुङ्गेधारा आदिको कलाकृति बारेमा व्याख्या विश्लेषण गरिएको छ । यस लेखमा भक्तपुर जिल्लाको क्वाछें, वडा नं. ६ को भगवती मन्दिर परिसरको मूर्ति र वास्तुकलाको विषयमा मात्र अध्ययन सिमित गरिएको छ । अध्ययन गुणात्मक प्रकृतिको छ । अध्ययन प्रत्यक्ष अवलोकन, जानकार व्यक्तिहरूसँग अन्तर्वार्ता र पूर्व कृतिहरूको अध्ययनद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई वर्णात्मक रूपमा प्रस्तुत गरिएको छ । मन्दिरको कलाकृतिको अध्यन पश्चात मन्दिरको महिमालाई थप सन्तुलित गर्न आवश्यक प्रस्ताव तथा सुझावहरू पनि दिइएको छ ।

## अनुसन्धान विधि

यो अनुसन्धान पुर्णतया अन्वेसनात्मक प्रकृतिको छ । प्रतिकात्मक सिद्वान्तको प्रयोग गरेर वस्तुगत खोजी गर्दै अनुसन्धानमा गुणात्मक विधि प्रयोग गरिएको छ । यसैको आधारमा बस्तुगत अध्ययन गरेर धार्मिक र सांस्कृतिक पक्षहरूको बारेमा समेत बुझ्ने प्रयत्न गरिएको छ । प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत प्रत्यक्ष स्थलगत अवलोकन, सम्बन्धित व्यक्तिहरू, मन्दिरको हेरचाह गर्ने व्यक्तिहरू, तलेजुका पुजारीसँग अर्न्तवार्ता लिएर आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अर्न्तगत विभिन्न पत्र पत्रिका, पुस्तक, जर्नल, सामाजिक सञ्जाल, शिलालेख, आख्यान, आस्था, विश्वास, परम्परा आदिलाई समेतेर अध्ययन गरिएको छ । यस अध्ययनमा चण्डी भगवती मन्दिरको वास्तुकलाको प्रत्यक्ष अवलोकन, चण्डी भगवतीको मूर्तिको व्याख्या गररे गहन अध्ययन पश्चात गुणात्मक रूपमा व्याख्या, विवेचना गरिएको छ ।

# प्राप्ति र छलफल

## मन्दिर परिसरका वास्तुकलाहरू

'वासस्थान सम्बन्धि कलालाई वास्तुकला भनिन्छ। घरको रूपमा मानिसहरूको बासस्थान, दरवारहरूका रूपमा राजा-रजौटाहरूका वासस्थान, मन्दिरका रूपमा हिन्दु देवदेवीहरूका वासस्थान सम्बन्धि निर्माणकला समष्टि रूपमा वास्तुकला अर्न्तगत पर्दछन् । व्युत्पतिको अर्थमा संस्कृत भाषाको 'वस्' धातुबाट वास्तु शब्द जन्मेको हो। जसको अर्थ वासस्थानसम्बन्धि हुन्छ। 'ओदार र गुफाहरूको युगताकादेखि नै आदिम मान्छेले घाम, पानी र डरलाग्दा जीवहरूबाट जोगिन आ-आफ्नो सीप र क्षमताअनुसार सुरक्षाको लागि घर, कटेरो र झुपडी बनाउन थालेपछि वास्तुकलाको इतिहास सुरू भएको मानिन्छ।' (क्षेत्री, रायमाझी, २०७६, पृ. २६९)

## मुख्य मन्दिर

भक्तपुर जिल्लाको क्वाछें टोलमा रहेको यस भगवती मन्दिरलाई चण्डी भगवतीको नामले चिनिन्छ । मूर्तिकला तथा वास्तुकलाको दृष्टिकोणले नेपालका प्रख्यात भगवती मन्दिरहरू पलान्चोक भगवती, नाला भगवती, शोभा भगवती र नक्साल भगवतीको भन्दा पृथक रहेको छ । ऐतिहासिक खोजी गर्दा यो मन्दिरको प्रारम्भिक निर्माण काल हालसम्म स्पष्ट हुन सकेको छैन । प्राप्त शिलालेखका अनुसार ने.सं. ८३३ को भुपतिन्द्र मल्लको पालमा यो पाटीको निर्माण गरिएको हो । दुई तहको पेटीमथि निर्माण गरिएको चण्डी भगवती मन्दिर को पेटिको दुवैतिर प्रस्तरको सिंहहरू राखिएको छ। मन्दिरको मुलद्वार उत्तरतर्फ फर्किएको छ। प्राचिन मन्दिरको चौकोसलाई ढाकेर मूर्तिको पछाडि, दाँया, बाँया भित्तामा आकर्षक चिप्स मार्बल टाँसिएको छ। मन्दिर मार्बलको प्रयोगले आकर्षक देखिएतापनि मन्दिरको मौलिकता ह्रास भएको देखिन्छ।

मन्दिर छिर्नु अघि बिचमा दक्षिण फर्केको दुई छाना युक्त दुई तल्ले पाटीको निर्माण गरिएको छ । पाटीको दाँया बाँया कलात्मक बुट्टायुक्त धोकाहरू राखिएको छ। एक तल्ले मन्दिर धोकाबाट प्रवेश गर्ने वित्तिकै करिब सात फित फराकिलो प्रदक्षिणापथले घेरिएको ठिक बिचमा करिब ३ फिट उचाईको आधारपेटी रहेको छ जसको अन्दाजी चौढाई १८ फिट x लम्बाई २५ फिट छ। आधारपेटीको दक्षिण दिशामा अन्दाजी ९ फिट चौढाइ x १० फिट लम्बाई र उचाई ११ फिट (छानासहित) को भगवतीको तल्ले शैलिको चारपाते मन्दिर रहेको छ । मन्दिरको चारैतिरको आधारपेटिमा बत्ति बाल्नका लागि पित्तलका दियाहरूको पालाहरूले घेरिएको छ । चारैतिरबाट छानालाई पोल (झिंगती)ले छाएको छ। छानाको चारैतिर कोपु अपा (बिशेष किसिमको अर्धगोलाकार झिंगती) ले छाएको छ। छानाको चारै कुनाको टुप्पोमा आकर्षणको लागि भाले ग्वगं (कुखुराको टाउँको आकारको झिंगती)ले सजाएको छ । चारैतिर काठको बुट्टेदार पात (इँल)ले सजाईएको छ । त्यसको भित्रपट्टिट रातो इँल राखिएको छ। भित्ताको माथिल्लो एक लहर बुट्टेदार ईटहरूले सजाइएको छ।

मुख्य मन्दिरलाई परिक्रमा गर्न २ फिट फराकिलो पेटिको निर्माण गरिएको छ। प्रदक्षिणा पथको आधार पेटिमा क्रमश सबैभन्दा मुनि दाचि अपा, मांगोल, कसिमो (पानीलाई विपरित दिशामा पठाउन बनाएको), करिब ३० इन्च उचाइमा फ:अपा(बुट्टेद्धार ईट) र फ:ल्ह(पेटिको माथिल्लो भागको ढूङ्गा)को प्रगोग गरी आकर्षक तरिकाले बनाएको छ। (प्रत्यक्ष अवलोकन)

खनालले उल्लेख गरेबमोजिम टुँडालहरू अधिकाश तल्ले शैलिको मन्दिरमा पाइन्छ र टुँडालको प्रमुख उद्देश्य छाना अड्याउने नै हो । भगवती मन्दिर एक तल्ले मात्र भएतापनि चारैतिर आकर्षक भगवतीको मूर्ति कुडिएको टुँडालहरूले सजाएको छ । मन्दिरको अघिल्लो भागको टुँडालमा माथिल्लो भागमा लहरा, पताका र फूलको बुट्टाले कुडिएको छ । मध्य भागमा मुख्य देवता भगवतिले महिषाशुलाई बद्य गर्दै रहदाको आकृति कुडिएको छ । तल्लो भागमा देवीको भक्तको आकृति कुडिएको छ । मन्दिरको चारैकुनामा लिङग सहितको जनावरको आकृति भएको टुँडाल राखिएको छ । त्यसको ठिक मुनि भक्तिनीको मुर्ति कुडिएको छ । मन्दिरको पछाडी साधारण काठको टुँडालले छानालाई अड्याइएको छ । अन्य कामकलाका टुँडालहरू यस मन्दिरमा राखिएको छैन । मन्दिरको टुँडालहरूले मन्दिरलाई थप कलात्मक र सुन्दर बनाएको देखिन्छ । (चित्र नं. १) (प्रत्यक्ष अवलोकन)

सो मन्दिर उत्तर दिशामा फर्केकी मूलरूपमा भगवती देवीको भनिएता पनि मन्दिर पदक्षिणा पथको क्रममा भगवती मन्दिरको चारैतिर खोपामा क्रमशः उमा महेश्वर (हाल जलद्रोणी मात्र बाँकी छ, मूर्ति चोरी भैसकेको अवस्था), गणेश, शिवलिङ्गको प्रतिमा राखिएको छ । मुल गर्भगृहमा शिवलिङ्ग रहनुले अध्ययनकर्तालाई यस मन्दिरको वास्तुकलाबारे अध्ययन गर्न थप हौसला प्रदान गरेको पाइन्छ । (प्रत्यक्ष अवलोकन)

## ढुङगेधारा

मन्दिरको दाहिने ढोकाको ठिक अगाडि एउटा सुन्दर वर्गाकार गहिरो ढुङगेधारा बनाएको छ । स्थानिय व्यक्तिहरूका अनुसार परापुर्वकालमा भेलुखेलका स्थानिय मानिसहरू खोलामा बाढी आउने बेलामा लुगा धुन समस्या भएमा भगवती मन्दिर परिसरको ढुङ्गेधारामा आएर लुगा धुने गरेको बताउँदछ । (अर्न्तवार्ता, तुल्सीमाया चवाल, २०८०/०६/२०) समयको कालखण्डमा सो धारा वरिपरिका पर्खाल भट्केर वा अन्य कारणवस पुरिन गइसकेको थियो । पछि सो स्थानिय व्यक्तिका अनुसार पानीको मुलमा जस्तै पानी आइरहने हुनाले जर्मन प्रोजेक्ट सन् (१९७०-१९८०) नेपालमा आएपछि त्यस स्थानमा ढुङ्गेधारा बनाउन लगाएका थिए । ढुङ्गेधाराको माथि चारैतिर पर्खालले घेरिएको छ । पर्खालहरूमा ठाउँ ठाउँमा खोपाहरू बनाएको छ । ढुङगेधाराको प्रबेशद्वार पूर्व दिशामा फर्केको छ । प्रबेशद्वारबाट चार वटा प्रस्तरका सिढि तल ओर्लेपछि चारैतिर एउटा पेटि बनाएको छ त्यस्तै गरेर अर्को चार पाँच वटा प्रस्तरका सिढि तल ओर्लेपछि ढुङ्गेधाराको आधार पेटिमा पुगिन्छ । गोहिको आकर्षक मुखाकृति बनाएर ढुङगेधाराको निर्माण गरिएको छ । धाराको ठिक माथि भित्तामा चार बाहु भएका बष्णुको मूर्ति स्थापना गरिएको छ । ढुङगेधाराको ठिक मुनि पोटेदेवताको मूर्ति राखिएको छ । यो ढुङगेधारालाई भक्तपुर नगरपालिकले हालसालै मात्र पुनः निर्माण गरिएको छ । (प्रत्यक्ष अवलोकन)

गणेश क्षेत्री र रामचन्द्र रायमाझिद्वारा लिखित नेपाली कला, वास्तुकला र प्रतिमा लक्षणमा उल्लेख भए बमोजिम, पानीको मुहान वा नदी खोलाबाट जमिन मुनिबाटै पानी ल्याएर ढुङगेधारा बनाई पानीको आपुर्ति गर्ने चलन प्राचिनकालदेखि नै थियो । लेखकका अनुसार इसाको चौथो शताब्दीताकादेखि नै विभिन्न प्रकारका धाराहरू बनाउने परम्परा पाइन्छ । यस अर्थमा लेखक लिच्छविकालभन्दा अगाडिदेखि नै धाराको व्यवस्था रहेको देखिन्छ जसलाई लिच्छविहरूले आफ्नो शासनकालमा अझ व्यवस्थित गर्नुका साथै धाराहरूको स्वरूप आकर्षक र कालिगढीयुक्त बनाएको मत राख्दछन् । लिच्छविकालिन ढुङगेधारा गहिरो हुन्छ । ढुङ्गेधाराको मुनि भगिरथ

(भारबाहक) वा पोते देवता (शंडख बोक्ने) राखिएको हुन्छ । (चित्र नं. २) (क्षेत्रि, रायमाझि, २०७६, पृ. ३९०) सो किताबमा उल्लेख भए अनुसार मकर वा गोही गङ्गाको बाहन हो तसर्थ यसको मुखाकृति बनाएर त्यसबाट धारा खसाल्दा पानी पवित्र र शुद्ध हुने गर्नाले मकराकृति धाराहरू बनाउन थालिएको हो । (सोहि पृ. ३९०) ढुङगेधाराको परिसरमा तुल्सीको बोट, गमलाहरूले सजाउने तथा देवीदेवताहरूको प्रतिमासमेत स्थापना गरिन्छ । स्नान गर्ने बेलामा देवीदेवताको पनी उपासना गर्ने उद्देश्यले यस्ता प्रतिमाहरू स्थापना गरिएको देखिन्छ । मन्दिरको अगाडि ढुङ्गेधाराको माथि वि.सं. २००९ सालमा स्थापना गरेको वरदायणी प्राथमिक विद्यालय पनि रहेको छ । (प्रत्येक्ष अवलोकन)

## ढोका

भगवती मन्दिरको उत्तर दिशामा फर्केको भगवती मन्दिरभित्र प्रवेश गर्न दुईवटा काठका आकर्षक द्वारहरू बनाएको छ । दुईतल्लाको पाटीलाई बिचमा राखेर दायाँ-बायाँ बलिया टिकि झ्य जस्तो (प्वाल प्वाल भएको) आकर्षक काष्ठकलाकारिता झल्किने गरी द्वारको निर्माण गरिएको छ । प्रत्येक ढोकाको दायाँ वायाँ प्रस्तरवाट बनेको कलात्मक सिंहको मूर्तिहरू राखिएका छन् । सन् १४५३ को यक्ष मल्लको अभिलेखबाट भक्तपुरमा गढ पर्खाल मिर्माण गरिएको र मर्मत सम्बन्धि नियमहरू बनाइएको पाइन्छ। '१५ औं शताब्दीको मध्यसम्म नेपाल मण्डलको राजधानी मानिएको भक्तपुरलाई गढ पर्खालले घेरिएको पाइन्छ । नेपाल एकिकरणको समय ताकाका पर्यटक H.A. Oldfield का अनुसार त्यसबेला नेवार राजाहरूले आफ्नो राजधानीहरू अग्ला पर्खालले घेरिएको र ठाउँठाउँमा ठूला ढोकाहरू बनाएका थिए भन्ने उल्लेख गरेका छन् ।' (आचार्य, २०७९, पृ. ७३) । मन्दिरको पूर्वि दिशामा अग्ला पर्खालको अवशेष हाल पनि देख्न सकिन्छ । (प्रत्येक्ष अवलोकन, २०८०/०५/१५) मुख्य मन्दिरलाई बिचमा पारेर मन्दिरको दाहिने र पछाडिको भाग करिब ३ फिटको ईटाको पर्खालले घेरिएका छन् । भक्तजनहरू मन्दिरको प्रवेश गर्ने बेला जहिले पनि दाहिने ढोकाबाट छिरेर देब्रे ढोकाबाट बाहिर निस्कने गर्दछन् । मन्दिर भित्र छिर्नेबित्तिकै देब्रे पर्खालको माथि स्वतन्त्र रूपमा पुरानो प्रस्तरको ढुङ्गेधाराको टुटि राखिएको छ । जुन विगत केहि समय अघि धोका अघि खुल्ला रूपमा भयाङको रूपमा प्रयोग गरिएको थियो । भक्तपुरका प्रख्यात कालिगढ श्याम त्वानाका अनुसार यो लिच्छविकालिन ढुङ्गेधाराको भित्रि भागमा राखिने जल ध्वनि हो । जसलाई हामिले देखिने ढुङ्गेधाराको टुटि निर्माणको बेला जोड्ने गरिन्छ । जसलाई सम्बन्धित पक्षहरूले जगेर्ना गर्नुपर्ने देखिन्छ । (चित्र नं. ३) (प्रत्यक्ष अवलोकन)

## सत्तल

मन्दिरको बाँया भाग (पश्चिम दिशा)मा तीन तल्लाको सतल बनाइएको छ । जुन केहि बर्ष अगाडि मात्र पुनः निर्माण गरिएको थियो । सतलमा जात्राको लागि चाहिने खटहरू राखिएको पाइन्छ । सत्तलमा मन्दिरको हेरचाहको लागि कुस्ले जातीका परिवारहरू बस्दै आएका छन् । (चित्र नं. ४) (अर्न्तवार्ता: लक्ष्मी कपाली, २०८०/०५/३)

### जलद्रोणि

मन्दिरको अवलोकन गर्ने क्रममा भगवती मन्दिरको देब्रेपति सत्तलको पेटीमा प्रस्तरको जलद्रोणि रहेको जसमा दुईजना भारबाहकको चित्र कुडिएको छ। कालिगढ त्वानाबासुका अनुसार पुनः निर्माणको समयमा त्यस्ता कलाकृतिहरूको सुरक्षाको लागि पेटीमा गाभेर मर्मत गरिन्छ।

प्राचिन समयमा यात्रीहरूको लागि पानी खुवाउन जलद्रोणिमा मान्छेहरूले पानी भरिदिएर खानेपानीको व्यवस्था गरिन्थ्यो । हालसम्म पानी दानलाई ठूलो धर्म भनेर मान्ने चलन छ । नेवार समाजमा ढुङ्गेधाराको निर्माण अलि खर्चिलो हुनाले जरूङहितिको अवधारणा आएको देखिन्छ। सातौं शताब्दीमा सु-बाहालमा जलद्रोणि बनाइएको उल्लेख पाइन्छ। जलद्रोणि मन्दिर, बिहार जाने ठाउँमा, टोल टोलमा पाटीपौवा नजिक राख्ने गरिएको देखिन्छ । जलद्रोणि विभिन्न तरिकाले व्यवस्थित गरिएको पाइन्छ । जस्तैः घरको भित्तामा तासेर राखिएको जरूङहितिमा पानी भर्न सो घरको धोकाभित्र गई पानी भर्ने व्यवस्था गरिएको हुन्छ, पानी ट्याङ्की जस्तो बनाएर बाहिरबाटै त्यसको माथिबाट पानी भर्ने, कुनै-कुनै जलद्रोणिलाई फलक बनाएर व्यवस्थित गर्ने गरेको पनि पाइन्छ। जलद्रोणिबाट निस्किएको पानीलाई आमाको स्तनपान सरहको पवित्र महत्त्व रहेको कहिकतै अझै पनि सुन्न सकिन्छ। (क्षेत्री, रायमाझी, पृ.३९१) (चित्र नं. ५)

### पाटी

लेखक क्षेत्री, रायमाझीका अनुसार पाटी भनेको एउटा सानो धर्मशाला हो । भगवती मन्दिरको ठिक अगाडि दुई धोकाको बिचमा दूईपाते छाना र तीन भित्तायुक्त दुई तल्ले पाटीको निर्माण गरिएको छ। छानालाई अड्याउन साधारण तोरणहरूको प्रयोग गरिएको देखिन्छ । छानाको मुनि रातो इलंले सजाएको छ । पाटीको माथिल्लो तल्लामा ३ वटा साधारण झ्यालहरू छन् । पाटीको दाँहिने भागमा एउटा ऐना पनि राखिएको छ । पाटीभित्र २ वटा शिलालेख राखिएको छ। शिलालेखका अनुसार ने.सं. ८३३ को भुपतिन्द्र मल्लको पालमा यो पाटीको निर्माण गरिएको हो। पाटी पिंधभन्दा ३० इन्च माथि आयातकार छ। पाटीको भुईमा काठको फल्याकहरू बिछ्याएको छ । पाटीमा धार्मिक प्रयोजनको साथै मन्दिर र ढुङ्गेधाराको हेरचाहको लागि बस्न मिल्ने गरी बनाएको देखिन्छ। पाटीमा हरेक बिहान भजन किर्तन गर्ने गरिन्छ। भजन मण्डलको धोका पनि तिःझ्य जस्तै धोकाले बन्द गरिएको। (प्रत्यक्ष अवलोकन) (चित्र नं. ६)

### घण्ट

मन्दिरको भित्रि परिसरमा रहेको उमामहेश्वर देवलको अगाडि आधारपेटिमा एउटा अन्दाजी १२ x २४ को कलात्मक घण्ट राखिएको छ । घण्टको सुरक्षाको लागि बाहिर फलामको खोल राखिएको छ साथै दुईतिर प्रस्तरको खम्बा बनाएर घन्टलाई अड्याएको छ। (प्रत्यक्ष अवलोकन २०८०/०६/२०) (चित्र नं. ७)

## दुर्गामूर्तिको पौराणिक बिशेषता

हिन्दु परम्परा अनुसार सामान्य अवस्थामा शक्तिले पार्वतीको रूप लिएको हुन्छ भने असाधारण अवस्थामा दुर्गाको र अति असाधारण अवस्थामा कालीको रूप लिएकी हुन्छिन् । (ढकाल, २०७६, पृ. ३४०) मार्कन्ड पुराणका अनुसार महालक्ष्मी, महाकाली, महासरस्वति समेत गरी देविका तिन रूप हुन्छन । नेपाल

भाषामा दुर्गालाई भगवति भनिन्छ। भगवतिलाई सृष्टि, संभार र संहारकर्ता भनेर पनि बुझिन्छ। कालि जसलाई देविको उग्र रूप मानिन्छ। कालीलाई भगवति, चण्डी, कालिका आदि नामले पनि चिनिन्छ। तन्त्र विद्यामा काली वा भगवतिलाई प्रमुख देवताको रूपमा पुजा उपासना गर्ने गरिन्छ।

शास्त्रहरूमा दुर्गाको सौम्य र घोर रूप गरी दुई रूपहरूको चर्चा पाइन्छ। शास्त्रिय ग्रन्थहरूमा दुर्गाको विभिन्न प्रतिमा लक्षणको वर्णन पाइन्छ। विष्णुधर्मोत्तर पुराणअनुसार दुर्गाका आठ हाते सिंहबाहानयुक्त हुने गर्दछ। उनका हातहरूमा शूल, खड्क, चक्र, चन्द्रबिम्ब र खप्पर हुने गर्दछ। महिषाशुर मर्दिणिको रूपमा दुर्गाको प्रतिमा लक्षण केहि फरक हुने गर्दछ। विष्णुधर्मोत्तर पुराण अनुसार भगवतीलाई चण्डिकाको रूपमा प्रस्तुत गरेको छ। यस ग्रन्थअनुसार भगवती महिषासुरसँग लडाई गरिरहेको अवस्था, देवीको स्वरूप सुवर्ण रंगको, तिन नेत्रयुक्त, क्रोधित मुद्रा, देवी सिंहबाहानयुक्त देखाउनु पर्ने हुन्छ। देवीको प्रतिमा पातलो कम्मर, विशाल आँखा, सुपुस्त स्तनयुक्त तथा आकर्षक गर्दन हुनुपर्ने उल्लेख छ। उनका दाहिने हातहरूमा त्रिशूल, तरवार, शङ्ख, चक्र, बाण, शक्ति, बज्र, डमरू, छत्र, एक हात अभय मुद्रामा हुनुपर्ने र देब्रे हातहरूमा नाग, पास, खेटक, बज्र, अंकुश, धनुष, घण्टा, ध्वजा, गदा, दर्पन र मुद्‌गर हुनुपर्ने विधान छ। देवीको प्रतिमा अगाडि महिषासुरको महिष (भैंसी) अंश काटिएको अवस्थामा हुनुपर्ने, महिषाशुरको गर्दनबाट रगत बगिरहेको र उनको सम्पूर्ण शरीर नागपासले बाँधिएको तथा उनको हातमा ढाल तरबार हुनुपर्ने बिधान छ। (क्षेत्रि, रायमाझि, वि.सं. २०७६, पृ. ७०) यस अध्ययनमा उल्लेख गरिएको चण्डी भगवतीमा माथिका अधिकांश बिशेषताहरू पाइनाले यस मूर्तिको निर्माण पनि विष्णुधर्मोत्तर पुराणअनुसारको कथामा आधारित छ।





चण्डी भगवति २०८० को नवमी अघि    चण्डी भगवति २०८० को नवमीमा

## दुर्गाको दार्शनिक पक्ष

शैव दर्शन अनुसार शिवको चिन्तन गर्दा शक्ति शिवतत्त्वसँग एकाकार हुन्छन। शिव नै शक्ति र शक्ति नै शिवको रूपमा परिणत हुन्छ भन्ने मान्यता सँगै शिवकै अनुरूपा शिवा र दुर्गाको रूप कल्पना गरियो। शास्त्रले शक्तिको ईश्वरिय रूपको ब्याख्या गर्दा पालनकर्ता र संहारकर्ताको रूपमा व्याख्या गर्दछ। शक्ति सृष्टि, स्थितिरूप र कल्याणकारक सौम्यरूप मानिन्छ। संहारकर्ता रूप चाहि उग्र मानिन्छ। भगवतिको पनि सौम्य, उग्र, दयामयी, कल्याणदायी र संहारकारिणी रूपहरू छन्। काली, चामुण्डा, उग्रचण्डा आदि उग्रतायुक्त सिद्धिका लागि उपासना

गरिन्छ । उग्र रूपको उपासना गर्दा छोटो समयमै फल प्राप्त हुने मान्यता पनि पाइन्छ । उग्र रूपको उपासना गर्दा रातको समय साधना गरी बलि पूजागरी, जपगर्ने स्थान एकान्त, जंगल, पर्वत, शिखर, शमशानघाट आदि हुन्छन् । अष्टभुजा भएकी सिंहरूढा दुर्गा उग्रचण्डा हुन जसको उपासना पनि उग्र रूपमै गरिन्छ । शोडष भुजाकी भद्रकाली, अष्टभुजाकी नवदुर्गा, चारबाहुकी कल्याणदायिनी दुर्गाको उग्र र सामान्य रूपले पुजा उपासना गर्न सकिन्छ । भक्तपुरका तलेजु मन्दिरका पुजारी प्रज्ञेश राज राजउपाध्यका अनुसार यस मन्दिरमा हरेक वर्ष तलेजूका पुजारीहरू ३१ वटा ठाँ पूजा गर्न आउने गर्दछन् । भक्तपुरका विभिन्न स्मारक, मठ मन्दिर आदि निर्माण सम्पन्न भएको खुशियालीमा ति सम्पदाहरू तथा राजा रानीहरूको वर्षदिनको जन्मउत्सव स्वरूप यो पूजाको प्रचलन प्राचिनकालदेखि रहिआउको पुजारी राजउपाध्याय बताउँछन् । जस्तैः ङतापोलको निर्माण सम्पन्न भएको उपलक्ष्यमा भुँसादानको भोलिपल्ट (ङतापोलको जन्मदिन), तःगाङ (भक्तपुर दरवार क्षेत्रमा रहेको ठूलो घण्ट), बत्सला मन्दिर आदिको सम्झनामा यो पूजा जाने गरिन्छ ।

## मन्दिर परिसरका मूर्तिकलाहरू

वैदिक कालमा आर्यहरू मुर्ति पूजा गर्न जानेका थिएनन् । त्यसबेला यज्ञ र यज्ञादिबाट देवीदेवतालाई खुशी पार्ने गर्दथ्यो । नेपालमा ईस्वीको प्रारम्भदेखि विभिन्न धर्मका मुर्तिहरू पाउन थाले । ई. पू तेस्रो शताब्दीदेखि भारतबर्षमा हिन्दु धर्म सम्बन्धि मूर्तिहरू पाइयो । पाटनको च्यासलहितिको गजलक्ष्मीको मूर्ति नेपालको प्राचिन मूर्ति मध्य एक हो । अभिलेख सहितको मूर्तिहरू भने पाचौं शताब्दीदेखि मात्र पाइयो । नेपालमा नवपाषणयुगताकादेखि सुरू भएर पूर्वमौर्ययुगसम्म आइपुग्दा कलाकारले माटाका आफ्नो शिल्पी सुरू गरेको देखिन्छ । (क्षेत्री, रायमाझि, २०७६, पृ. १०५०) इतिहासकार खनालका अनुसार इसाको दोस्रो शताब्दीसम्मका हाँडीगाउको केलटोलमो महिष मर्दिनीको मूर्ति पाइएको छ ।

## चण्डी भगवती

मूर्तिकलामा दुर्लभ मानिने यस चण्डी भगवतीको मूर्ति इतिहासकार मोहन खनालका अनुसार ईस्वीको १५०५ मा राजा भुवन मल्लले भक्तपुरमा नवदुर्गाको देविहरूको मूर्ति बनाउने क्रममा यस दुर्गामूर्ति पनि बनाउन लगाएका थिए । लैनसिङ वाङ्डेलका अनुसार भगवतीको प्रतिमा १७ औ शताब्दिमा बनेको जसको नाप ३४ x २४ इन्च रहेको छ। मोनोलिथिक ढुङगामा शरिरको तालमान मिलाएर धर्म र शास्त्रको आधारमा मूर्तिकारले आफ्नो क्षमता देखाएको पाइन्छ। मूर्तिको माथिल्लो भागमा कलशको आकृति बनाएको छ । मूर्तिलाई फलामको डण्डिले भित्तामा अड्काइएको छ । चण्डी भगवतीको प्रतिमा उच्चकोटिको ढुङ्गाको प्रयोग गरेको देखिन्छ । ढुङगा कालो रंगको हुनुका साथै चिप्लो पनि देखिन्छ । भक्तजनहरूले पूजाको दौरान अबिर र धुपबत्तिको प्रयोगले गर्दा हाल सो मूर्तिको चमकमा भने केहि असर गरेको देखिन्छ । (प्रत्यक्ष अवलोकन) भगवतीको शिरमा बुट्टायुक्त मुकुट धारण गरेको छ । महिसासुरको छातीमा त्रिशुल प्रहार गरेका तथा महिषको टाउँको छिनाएको र भगवति महिषाशुरसँग लडाई गरिरहेको अवस्थामा देखाइएको छ । निर्मला पोखरेलका अनुसार सिंहारूढ महिषासुर मर्दिनिले दाँया खुट्टा भगवतीको बाहान सिंह र बाँया खुट्टा महिषासुरको बाहान महिषको जिउमा टेकेको हुन्छ साथै देवीको प्रतिमा अगाडि महिषासुरको महिष (राँगो) अंश काटिएको अवस्थामा हुने गर्दछ । यि सम्पूर्ण विशेषता चण्डी भगवतीको मूर्तिमा पाइएको छ ।

चण्डी भगवतीका मूर्तिको चर्चा गर्ने क्रममा देवीले कानमा ठुला -ठुला पुष्प कुण्डलको प्रयोग गरिएको छ । श्रृगार, गर-गहना र वस्त्रको कम प्रयोग वा पारदर्शी वस्त्रको प्रयोग गरेको छ। दुई बाहुहरूमा केयुर लगाएको छ। कम्मरमा पनि बुट्टेदार कम्मर पेटिका बाँधिएको छ। जुन खनालका अनुसार १५ औं शताब्दीमा बनेको भक्तपुरको नौ ग्रहमध्यको एक ताराले धारण गरेको घाँटीको माला, हातको केयुर, कम्मर पेटिका सँग हुबहु मिल्दो जुल्दो छ। साथै मन्दिर परिसरमै रहेको उमा महेश्वरको मूर्ति फलकमा रहेको उमाले धारण गरेको घाँटीको माला, हातको केयुर, कम्मर पेटिका सँगपनि मिल्दो जुल्दो छ। (प्रत्यक्ष अवलोकन) देवीको प्रतिमा पातलो कम्मर, विशाल आँखा, सुपुस्त स्तनयुक्त तथा आकर्षक गर्दन र अठार बाहुकी छन्। भगवतिको यो मुर्तिमा महिषसुर मर्दिनीले आफ्नो हातहरूमा विभिन्न आयुदहरू धारण गरेकी र उनका दाहिने हातहरूमा त्रिशूल, तरवार, शङख, चक्र, बाण, शक्ति, बज्र, डमरू, छत्र रहेका छन्। देब्रे हातहरूमा नागपास, खेटक, अंकुश, धनुष, घण्टा, ध्वजा, गदा, त्रिशुलहरू रहेका छन्। (प्रत्यक्ष अवलोकन) आफ्नो तिन हातमा रहेको त्रिशुलद्वारा त्रलमश बिचमा तरवार निकाल्दै गरेका महिषाशुर, दाँया बाँया चन्ड र मुण्ड दुईजना असुरहरूको छात्तीमा प्रहार गरेको देखाएको छ। (वाङदेल, १९९५) यो मुर्ति हालसम्म पाइएका दुर्गाको प्रतिमाहरू मध्य दुर्लभ मानिन्छ। (चित्र नं. ८)

भगवतीको धारण गरेका हरेक आयुदहरूको आ-आफ्नै सांकेतिक महत्त्व झल्काउँछ । ती आयुदहरू सत्यको रक्षा गर्न र असत्यको सम्हार गर्न भगवतीले धारण गरेको देखिन्छ । जस्तैः त्रिशुलः ब्रम्हा, विष्णु र महेश्वरको साङ्केतिक स्वरूप, सृष्टि, पालन र प्रलयको स्वरूप त्रिशुलले झल्काउँछ । डमरूः दुई त्रिकोणको मिलनबाट बनाइएको डमरूले स्त्री र पुरूषको एकाकारबाट नै सृष्टि हुने ध्रुवसत्य कुराको समेत सङ्केत दिएको छ । शिव र उनका विभिन्न रूपका मूर्तिहरूमा हातमा डमरू बनाइन्छ । खट्वाङ्गः खुट्टाको घुंडाभन्दा तलको लामो हड्डीलाई नलीहाड भनिन्छ । त्यसैको माथिल्लो भागमा नरखप्परको आकृति बनाएर उग्र देवदेवीले हातमा आयुधको रूपमा धारण गर्ने नियम प्रतिमा विज्ञानका पुस्तकका पाइन्छ । चामुन्डा महिषमर्दिनी, भैरव आदि उग्र स्वरूपको मुर्तिको हातमा (कपालपात्र) मानिसको शिरको कचौराजस्तो गहिरो हाड, संहार स्वरूपका देवदेवताले हातमा धारण गर्न खट्वाङ्ग बनाइन्छ। खेतकः ढालको मुख्य काम तरबारद्वारा गरिएका आक्रमण रोक्नु हो । खराब तत्त्व र त्यसको प्रभाव रोक्ने भनेर साङकेतिक अर्थमा ढाल देवदवीको मूर्ति र चित्रमा बनाइन्छ । भूतमाला (वैजयन्तीमाला): पाँच प्रकारका बहुमूल्य रत्नद्वारा बनाइएको मालालाई भुतमाला भनिन्छ। विष्णुको मन पर्ने मालामा यो पर्दछ। हीरा, मोती, माणिक, नीलो ढुङ्गा आदि बहुमूल्य रत्नद्वारा बनाइन्छ। केयुरः पाखुरामा लगाउने गहना । अधिकांश देवदेवीको पाखुरामा लगाउने गहनालाई केयूर भनिन्छ । दर्पणः रति, पार्वती, गङ्गा, जमुना आदि देवीहरूको हातमा दर्पण राखिएको हुन्छ। सम्पूर्ण ब्रह्माण्ड नै शिवको छायाँ भएको साङ्केतिक अर्थ ऐनाले दिन्छ । पत्रकुण्डलः कपडा वा कागज, गोलो पारी बेरेर कानको प्वालमा छिराएर लगाउने गहनालाई पत्रकुण्डल भनिन्छ। फूलको पत्रको आकारको कुण्डल। मेखला: कम्मरमा पेटीजस्तै गरेर हिन्दू देवीहरले लगाउने कन्दनी । परप्पराअनुसार आठवटा पत्र वा धागो हुनुपर्दछ। मेखला लगाएर दीर्घ आयु हुनेछ र खराब दृष्टिबाट बच्ने विश्वास गरिन्छ। (पौडेल, वि.सं. २०६०. काठमाण्डौ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू.)

## गर्भगृहको चारै दिशामा रहेको मूर्तिहरू

### उमामहेश्वर

मन्दिरको पूर्व दिशामा रहेको खोपामा शिवलिङको जलहरि अवशेषको रूपमा रहेको छ र यहाँको मूर्ती आजभन्दा २०-२५ वर्षअघि नै चोरी भैसकेको स्थानिय बासिन्दाहरू बताउँछन् छ । दिलबहादुर चित्रकारका अनुसार सो स्थानमा उमामहेश्वर आफ्नो गणहरू सहित सुखासनमा रहेको मूर्ति फलक थियो । हाल त्यस भागको भित्ताहरू चर्केको अवस्थामा पाइन्छ। मन्दिर पाकेको ईट र माटोका प्रयोग गरेर बनाईएको छ। (प्रत्यक्ष आलोकन) (चित्र नं. ९)

### गणेश

मुख्य मन्दिरको दक्षिण दिशामा अवस्थित खोपामा ढुङ्गाको तोरण सहित दोहोरो कमलासनमा नृत्यमुद्राको गणेश रहेको छ । गणेश मूर्ति पछाडि गोलो प्रवाह मण्डल रहेको छ । गणेशको मूर्तिको दाँया खुट्टामुनि गणेशको बाहानको रूपमा मुसा रहेको छ। गणेशले सर्पको जनै लगाएको, कम्मरमा रूद्राक्ष माला, दाहिने हातमा रूद्राक्ष, पास, किस्ली र लड्डु बोकेको छ। यस गणेशलाई सुर्यविनायक गणेश भनेर भनिन्छ। यस गणेशको आँखा चिम्लिएको छ। किम्बदन्ती अनुसार ठाँ पूजा गर्न आएका भक्तजनहरूले भोज खाएको हेर्नु हुदैन भनेर आँखा चिम्लिएको भन्ने मान्यता छ। (अर्न्तवार्ता: लक्ष्मी कपाली, २०८०/०५/३)

### शिवलिङ्ग

मुख्य मन्दिरको पश्चिच्छम दिशामा रहेको खोपाबाट भित्र छिर्दा मन्दिरकै आधा भाग ओगट्ने गरी मूल गर्वगृहमा शिवलिङ रहनुले सो भगवती मन्दिरको वास्तुकला अन्य मन्दिरको तुलनामा भिन्न र थप अध्ययनको लागि प्रेरित गर्ने गरेको छ। (प्रत्यक्ष अवलोकन) मन्दिरको गर्भगृहमा शिवलिङ्ग रहनुले यस मन्दिर पान्चायन शिवमूर्तिको आधारमा बनेको अनुमान गर्न सकिन्छ । शिवशक्तिवाद अनुसार शिव र शक्ति एकै हुन भन्ने इतिहासकारहरू बताउँदछन्।

## मन्दिर परिसरमा रहेको मूर्तिहरू

### गणेश

मुख्य मन्दिरको ठिक अगाडि दोहोरो कमलासनमा नृत्य मुद्रामा गणेशको मूर्ति रहेको छ। मूर्ति पछाडि चोसो परेको प्रवाह मण्डल, शिरमा मुकुट, दुवै हातमा केयुर लगाइएको, कम्मरमा सर्प कुण्डल लगाइएको मूर्तिलाई आकर्षक कालिगढगुक्त तोरणले सजाएर, सानो देवल जस्तो बनाएर सुरक्षित गरिएको छ। देवललाई आकर्षक मार्वलले सजाइएको छ। लैनसिङ वाङडेलका अनुसार यो मूर्ति १८ औ शताब्दीमा बनेको हो। (चित्र नं. १२)



गणेश



उमामहेश्वर र शिवलि

## उमा महेश्वर

माथि उल्लेख गरिएको गणेश मूर्तिको ठिक पछाडि आफ्ना गणहरू सहित उमा महेश्वरको सुखासनमा रहेको मूर्ति रहेको छ । लैनसिङ वाङडेलको पुस्तक Inventry of stone sculpture of kathmandu valley का अनुसार सो उमा महेश्वरको प्रतिमा १५ औ शताब्दीमा बनेको हो । निर्मला पोखरेलका अनुसार उमामहेश्वर प्रकृति र पुरूषको प्रतिक मानिन्छ । इतिहासकारहरूले भने बमोजिम अधिकांश उमा महेश्वरको मूर्ति फलकमा गंगाद्वारा शोभित गरिएको, दायाँ-बायाँ जया, विजयको मूर्ति रहेने प्रावधान छ साथै प्रतिमाको मुनि चण्डेश्वर, भूत, प्रेत, पिशाच, नन्दी आदी गणहरू सबै विभिन्न किसिमका नृत्य मुद्रामा रहेका हुन्छन । यस मूर्ति फलकमा पनि माथिका सम्पूर्ण विशेषताहरू रहेका छन् । यसबाट जतिसुकै अविचारी तत्त्व मानिएका कुरालाई शिवले रत्तिभर भेदभाव नगरी सन्तुलन कायम गर्ने गर्दछन भन्ने सन्देश दिन खोजेको कुरा पोखरेल बताउँछन् । (अर्न्तवार्ता, निर्मला पोखरेल, News 24 Nepal)

साथै उमा महेश्वरको प्रतिमा अगाडि दुईवटा प्रस्तरको शिवलिङ राखिएको छ । जुन स्थानिय दक्ष कालिगढ त्वानाबासुका अनुसार समय कालखण्डमा जिर्णोधारको क्रममा सुरक्षाको हेतुले राखिएको देखिन्छ ।

## छलफल तथा निष्कर्ष

हरेक किल्लाहरूमा देवीको मूर्ति स्थापना गरिने कुरा वंशावलीहरूमा पाइन्छ । अष्टमातृका मध्यको एक कुमारीको पिठ भगवति मन्दिर भन्दा तल्लो भेगमा रहनु र भौगोलिक रूपमा मन्दिर अग्ला पर्खालको माथि अवस्थित छ । मन्दिर परिसरमा रहेको जलद्रोणि, प्राचिन ढुङ्गेधाराको टुटि रहनुका साथै मन्दिर बाहिर गहिरो ढुङ्गेधारा रहको छ । प्रत्येक बर्ष सिथि नःख को दिन भगवतीका गुठियारहरूद्वारा बोका बलि दिएर भगवतीको जात्रा गरिन्छ सिथि लिच्छविकालदेखि नै चल्दै आएको जात्रा मध्य एक भएको तथ्य इतिहासकारहरू बताउँदछन् । यसवाट क्वाछें लिच्छविकालिनदेखि नै अस्तित्वमा रहेको अनुमान सकिन्छ । जलद्रोणी द्यःक्षेको पेटिमा समावेश गरेर बनाइएबाट कम्तिमा सुरक्षित देखिन्छ । तर प्राचिन ढुङ्गाको टुटि पर्खाल माथि त्यतिकै राखिनाले सहजै

चोरी हुन सक्ने भान गराउँछ । मन्दिरका भित्ताहरू चर्केको अवस्थामा पाइएको छ । मन्दिरको समग्र स्थित हेर्दा मुल मन्दिरलाई तुरून्त जिर्णोदार गर्नुपर्ने देखिन्छ ।

देवि महात्म्य र मार्कण्डय पुराणका अनुसार देवि नै सर्वश्रेष्ठ हुन । जहाँ शक्तिका प्रतिकका रूपमा चन्दी भगवति जस्ता उग्र देविको पुजा उपासना गरेर शक्ति र आत्मबल प्राप्त गर्ने गरिन्छ । यस मन्दिरमा दशैको नवमिका दिन तलेजुवाट बोका बलि दिएर ठाँ पुजा गरिन्छ । ठाँ पूजा विशेषत कुनै कार्य सिद्धिपछिको स-धन्यवाद स्वरूप गरिएको पूजा हो । यसबाट दुर्गा उपासना शक्ति र बल प्राप्तिको लागि मात्र नभई आफ्नो कार्यसिद्दि पछि पनि भगवानको उपासना एक पटक मात्र नभई हरेक वर्ष गरिन्छ भन्ने कुरा पुष्टि हुन्छ । साथै समाजका सम्पूर्ण मानिसहरूले आफूले जन्मसित लिएर आएका मोह, मात्सर्य, काम, क्रोध, बासना, लोभ आदिलाई बलिको रूपमा दुर्गालाई चढाउनु भन्ने सन्देश दिन खोजेको छ ।

शक्तिको पहिलो प्रयोग गणको प्रजनन, पालन, रचना र प्रेमको प्रसारण गरिएको देखिन्छ जुन शक्तिलाई पार्वतीले प्रतिनिाधित्व गर्छिन । समाजमा यदि सामान्य तरिकाले शान्ति र समृद्धि शुन सकेन र अन्यायी र क्रुर मानिसले निर्धाको दमन गर्न थाले भने त्यो दमनलाई पार लगाउन नियम सम्मत लडाईबाट परास्त पार्नु पर्छ । यदि विवेक र नियम सम्मत पनि अन्याय र क्रुरतालाइ परास्त गर्न नसकिने अवस्थामा असाहायको रक्षा गर्न भगवति वा कालीको जस्तो भयानक लडाईबाट गणको सुरक्षा गर्नुपर्छ भन्ने सन्देश चन्डी भगवतीको मूर्तिकलाको बनावटले देखाएको पाइन्छ । (ढकाल, २०७६, पृ. ३४०) यो सोधमा उल्लेख गरिएको काभ्रे जिल्लाको पलान्चोक भगवती, काठ्माडौंको नक्साल भगवती, शोभा भगवति, नालाको उग्रचण्डि भगवतीको तुलनामा भक्तपुरको क्वाछेंको भगवतीको मूर्तिकलालाई तुलना गर्दा भगवतीले तिन बाहुमा त्रिशुल धारण गरेको र देब्रे बाहुको त्रिशुलले महिषाशुरको बद्य गरिएको दुर्लभ मूर्ति हो । यसबाट भगवतीको मूर्ति मध्यकालिन भएपनि यस स्थान र देवी मूर्तिको महिमा धार्मिक र स्थलगत हिसावले प्राचिनकाल देखि अति पूजनिय हुन सक्ने आभास गराउँछ । लैनसिङ वाङडेलले सो मूर्तिलाई १७ औं शताब्दीमा बनेको भनेका छन् । मन्दिर परिसरमै भएको १५ औं शताब्दीको उमा महेश्वरको प्रतिमा फलकमा रहेको उमाको गरगहना र भगवतिले लगाएको गर गहनामा समानता देखिएको पाइन्छ । इतिहासकार खनालका अनुसार ईस्वीको १५०५ मा राजा भुवन मल्लले भक्तपुरमा नवदुर्गाको देविहरूको मूर्ति बनाउने क्रममा यस दुर्गामूर्ति पनि बनाउन लगाएका थिए । मन्दिरको पाटिमा रहेको शिलालेअ अनुसार सन् १७१२ मा पाटिको भुपतिन्द्र मल्लको पालामा यस पाटीको जिर्णोदार गरेका थिए । चण्डी भगवती मन्दिरका यस मूर्तिलाई दश महा विद्यामध्यकी एक भैरवी भनेर पनि पूजा गर्ने गरिन्छ । मिति २०७६ मंसिर ४ गते बाराही पिठ विकास समितिले आयोजना गरेको दशमहा विद्या पूजा अनुसार भैरवी खँलामा रहेको छ । (आयोजकले प्रकाशन गरेको ब्रोसर) प्राचिन समयमा उक्त स्थान कोटको रूपमा रहनुबाट भक्तपुरमा रहेका सम्पूर्ण नवदुर्गा पिठहरूमा जस्तै विगतमा कुनै एक शिला वा अन्य स्वरूपलाई आधार बनाएर दुर्गाको रूपमा पुज्दै आएको र पछिल्लो समयमा मुर्तिहरू धर्म र शास्त्रको आधारमा बनाउने क्रममा समाजमा जे जस्ता संस्थाहरू स्थापित छन त्यो सबै व्यक्तिको आवश्यकता पुरा गर्नका लागि वर्तमान स्वरूपमा बनेको अनुमान गर्न सकिन्छ ।

## परिशिष्ट



चित्र नं.१. चण्डी भगवती मन्दिर



चित्र नं.२. चण्डी भगवती मन्दिर बाहिरको ढुङ्गेधारा



(चित्र नं. ३. मन्दिरको दुई तिरको धोका)



चित्र नं.४. चण्डी भगवती मन्दिर परिसरमा रहेका सत्तल




चित्र नं.५. परिसरमा रहेका सत्तलको पेटिमा रहेको जलद्रोणी



चित्र नं.६. परिसरमा रहेका पाटी







(चित्र नं.९.मन्दिर परिसरमा रहेको उमा महेश्वरको मूर्ति फलक)



मन्दिरको मूल गर्भगृहमा रहेको शिवलिङ्ग)



चण्डी भगवती( रंग लगाउदा दशैंको नवमी, २०८०)त



शोभा भगवती




नाला भगवती



नक्साल भगवती





## सन्दर्भ सामग्री (References)


Bangdel, Lain S. (1995 A.D). *Invention of Stone Schuptures of the Kathmandu Valley*. Royal Nepal Academy

आचार्य, महेश (वि.सं. २०७९) कीर्तिपुर शहरको किल्ला एवं ढोकाहरू : उत्पति, इतिहास र संस्कृति *Nepalese culture. Vol. 15* पृ ७२-७३: त्रि.वि. संस्कृति केन्द्रिय विभाग ।

उपाध्याय, रामप्र. (वि.सं. २०७४). *नेपालको प्राचीन र मध्यकालिन इतिहास.* रत्न पुस्तक भण्डार ।

कर्माचार्य, सिद्धिविर (वि.सं. २०७९). *नाला उग्रचण्डी भगवतिको ऐतिहासिक महिमा एवं संक्षिप्त परिचय*।

खनाल, मोहन (वि.सं. २०७४). *नेपाली मूर्तिकला.* विद्यार्थी पुस्तटक भण्डार ।

खनाल, सन्ध्या (वि.सं. २०७५). *प्रतिमा लक्षण.* रत्न पुस्तक भण्डार ।

दाहाल, पेशल र खतिवडा, सोम (वि.सं. २०५७). *अनुसन्धान पद्धति.* एम.के. पब्लिसर्स ।

पराजुलि, बुद्धिसागर (२०२०). *भक्तपुर शिलालेख सूची.* श्री ५ को सरकार पुरातत्त्व विभाग ।

पोखरेल, निर्मला (वि.सं. २०७९) पशुपतिक्षेत्रका गुफाहरूको सांस्कृतिक अध्ययन कीर्तिपुर *Nepalese culture. Vol 15* पृ. ८९ : नेपाली इतिहास, संस्कृति ताथ पुरातत्त्व विभाग, केन्द्रिय विभाग ।

पोखरेल, निर्मला (वि.सं. २०८०). अर्न्तवार्ता, *News 24 Nepal.*

पौडेल, विणा (वि.सं. २०६०). *काठमाण्डौ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू.* साझा प्रकाशन ।

पौड्याल, विणा, शर्मा डिल्लीराज शर्मा, पोखरेल गोपाल (वि.सं. २०७८). *नेपाल उपत्यकाका केही जात्रा,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

राजोपाध्याय, हरिशरण (वि.सं. २०७४). *नेवाः सँस्कृतिमा घोत्लिँदा.* नेपाल साहित्य मन्दिर ।

क्षेत्री, गणेश र खतिवडा, सोमप्रसाद (वि.सं. २०५४). *हिन्दू समाज र धर्म.* शिवा प्रकाशन ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (वि.सं. २०७६). *नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण.* एसिया पब्लिकेशन ।


**अर्न्तवार्ता दिने व्यक्तिहरूको नामावली**

कपाली, लक्ष्मी, ४५ वर्ष, २०८० भदौं ३ गते, क्वाछें-६, भ.न.पा., गृहिणी ।

चवाल, तुल्सीमाया, ८४ वर्ष, २०८० भदौं २० गते, भेलुखेल, भ.न.पा, गृहिणी ।

चित्रकार, दिलबहादुर, ५८ वर्ष, २०८० पुष २ गते, गःपलि-४, भ.न.पा, चित्रकार ।

त्वाना, श्याम कृष्ण, ५३ वर्ष, नासमना-३, भ.न.पा, कालिगढ ।

नापित, राजाराम, ४३ वर्ष, २०८० असार ८ गते, गःपलि-४, भ.न.पा, फोटोग्राफर ।

प्रजापति, देवेन्द्र, ४३ वर्ष, २०८० जेठ ८ गते, देगइना-८, भ.न.पा, फोटोग्राफर ।

राजोपाध्याय, प्रज्ञश राज, ५० वर्ष, भ.न.पा, तलेजु, पुजारी ।